**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २६ जनवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- 77औं गणतंत्र दिवस समारोहको समापनको प्रतीक बीटिंग रिट्रीट समारोह नयाँ दिल्लीको विजय चौकमा सम्पन्न भयो।

- **वित्त मंत्री निर्मला सीतारामनले संसदमा आर्थिक सर्वेक्षण 2025-26 पेश गर्नुभयो। चालु वित्त वर्षमा मजबुत घरेलु मागका कारण देशको वास्तविक सकल घरेलु उत्पाद वृद्धि दर 7.4 प्रतिशत रहने अनुमान गरिएको छ।**

- राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले आउँदो २ फरवरी सोमवार नयाँ दिल्लीमा मुख्य चुनाउ आयुक्त ज्ञानेश कुमारसँग भेट गर्ने भएको छ।

- निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण सुनुवाइ प्रक्रिया निर्धारित समय सीमा भित्र पूरा गर्नका लागि राज्यलाई प्रतिदिन सात देखि आठ लाख मतदाताहरूको सुनुवाइ गर्न निर्देश दिएको छ।

- गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका संस्थापक सुवास घिसिङको ११औँ पुण्यतिथिमा आज मिरिकमा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न भयो|

- मौसम बिभागले आज अनि भोलि उत्तर बंगालको दार्जिलिंग, जलपाईगुड़ी, अलीपुरद्वार, कूचबिहार अनि उत्तर दिनाजपुर जिल्लाहरुमा बाक्लो कुहिरोको येलो अलर्ट जारी गरेको छ।

**बीटिंग रिट्रीट 2026**

77औं गणतंत्र दिवस समारोहको समापनको प्रतीक बीटिंग रिट्रीट समारोह नयाँ दिल्लीको विजय चौकमा सम्पन्न भयो। यस समारोहमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमंत्री नरेन्द्र मोदी, रक्षा मंत्री राजनाथ सिंह लगायत केंद्रीय मंत्रीहरुको उपस्थिति रहेको थियो। यसमा भारतीय सेना, नौसेना, वायु सेना र केंद्रीय सशस्त्र पुलिस बलहरुका बैंडले प्रस्तुति दिए। यो वर्ष, विजय चौकमा आगंतुकहरुको बस्ने स्थानहरुको नाम भारतीय संगीत वाद्ययंत्रहरुको नाममा राखिएको थियो। यसले देशको समृद्ध सांस्कृतिक विरासतलाई दर्शाउँदछ।

**आर्थिक सर्वेक्षण**

देशमा वर्ष वित्त वर्ष 2025-26 मा वास्तविक सकल घरेलू उत्पाद-जीडीपी दर सात दशमलव चार प्रतिशत रहने अनुमान गरिएको छ। वित्त वर्ष 2026-27 मा वृद्धिदर छह दशमलव आठ देखि सात दशमलव दुई प्रतिशत बीच रहने अनुमान छ।यो अनुमान आज संसदमा केन्द्रीय वित्त मन्त्री निर्मला सीतारामन द्वारा पेश आर्थिक सर्वेक्षणमा व्यक्त गरिएको हो।

**(बाईट)**

आर्थिक सर्वेक्षण अनुसार, भारतीय अर्थव्यवस्थाले वित्त वर्ष 2025-26 मा वृद्धिको मजबूत गति कायम राखेको छ। पहिलो अग्रिम अनुमान अनुसार, वास्तविक जीडीपी वृद्धि दर सात दशमलव चार प्रतिशत रहने अनुमान गरिएको छ, जसमा घरेलु

मागको महत्वपूर्ण योगदान रहेको छ।निजी उपभोग र पूँजी निर्माणले वृद्धिलाई सहयोग गरिरहेको छ भने आपूर्ति पक्षमा सेवा क्षेत्रको योगदान प्रमुख रहेको छ। विनिर्माण गतिविधि मजबूत भएको छ र कृषि क्षेत्रले स्थिरता प्रदान गरेको छ।सर्वेक्षणमा भनिएको छ भूराजनीतिक तनाव र प्रमुख अर्थव्यवस्थामा व्यापार व्यवधानका कारण वैश्विक आर्थिक वातावरण अनिश्चित बनेको छ।

**एफटीए सर्वेक्षण – प्रतिक्रिया**

पूर्व विदेश सचिव तथा राज्यसभा सांसद हर्ष वर्धन श्रृंगलाले भन्नुभएको छ भारत-यूरोपेली संघ मुक्त व्यापार समझौता धेरै महत्त्वपूर्ण छ किन भने देशले अमेरिकाबाट उच्च शुल्कबाट उत्पन्न हुने चुनौतीहरूको सामना गरिरहेको छ। उहाँले भन्नुभयो यो सम्झौताले भारतका निर्यातकर्ता, उद्योग र लघु तथा मध्यम उद्यमहरूलाई वैकल्पिक बजार र पहुँच प्रदान गर्दछ। आज पेश गरिएका आर्थिक अनुमानित जीडीपी वृद्धि बारे उहाँले भन्न भयो भारतको जीडीपी जुन प्रकारले बढिरहेको छ, यो चाँडै नै विश्वको तेस्रो सबैभन्दाठूलो अर्थव्यवस्था बन्नेछ।

**निर्मला - आर्थिक सर्वेक्षण**

वित्त मंत्री निर्मला सीतारामन द्वारा लोकसभामा आर्थिक सर्वेक्षण-2025-26 पेश गरिएपछि, सदनको कारबाही दिनभरिको लागि स्थगित गरियो। सदनको आगमी सत्र अब एक फरवरीको दिन हुनेछ। सोही दिन केन्द्रीय बजट 2026-27 पेश गरिनेछ। बजट सत्रको पहिलो चरण 13 फरवरी सम्म चल्नेछ। दोस्रो चरण 9 मार्च देखि 2 अप्रैल सम्म हुनेछ। बजट सत्रको अवधिमा 30 बैठकहरू हुनेछन्।

**सीईए-आर्थिक सर्वेक्षण**

मुख्य आर्थिक सल्लाहकार वी अनन्त नागेश्वरनले भन्नुभएको छ आवधिक श्रम बल सर्वेक्षण सुरु भए देखि देशमा रोजगारको स्थितिमा सुधार आएको छ।आज नयाँ दिल्लीमा आर्थिक सर्वेक्षण 2025-26 बारे पत्रकारहरूलाई सम्बोधित गर्दै श्री नागेश्वरनले भन्नुभयो बेरोजगारी दर त्यसबेलाको छ प्रतिशतबाट घटेर 2023-24 मा तीन दशमलव दुई प्रतिशतमा पुगेको थियो।उहाँले महिला श्रम बलको सहभागिता लगभग 18 प्रतिशत अंकले वृद्धि भएको बताउनु भयो।श्री नागेश्वरनले भन्नुभयो बेरोजगारी दर वर्षको पहिलो नौ महिनामा पांच दशमलव चार प्रतिशतबाट घटेर पछिल्लो तिमाहीमा चार दशमलव नौ प्रतिशत भएको छ।उहाँले भन्नुभयो अस्थिर वैश्विक परिदृश्यमा भारतको अर्थव्यवस्था बलियो छ।

**मुख्यमन्त्री ममता व्यनर्जी**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले आउँदो २ फरवरी सोमवार नयाँ दिल्लीमा मुख्य चुनाउ आयुक्त ज्ञानेश कुमारसँग भेट गर्ने भएको छ। तृणमूल कंग्रेस प्रमुखसहित पार्टीका महासचिव तथा सांसद अभिषेक ब्यानर्जी पनि रहने तृणमूल कंग्रेस सूत्रको भनाइ छ। आउँदो विधानसभा चुनाउलाई ध्यानमा राख्दै चुनाउ आयोगसित तृणमूल कंग्रेस प्रतिनिधिको यो बैठक विशेष महत्त्वपूर्ण रहने बताइएको छ। यसका साथै एस आइ आर प्रक्रिया अन्तर्गत बंगाल भइरहेको दुविधाबारे पनि मुख्यमन्त्रीले बात गर्ने सम्भावना जताइएको छ।

**एसआईआर - पश्चिम बंगाल**

निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण सुनुवाइ प्रक्रिया निर्धारित समय सीमा भित्र पूरा गर्नका लागि राज्यलाई प्रतिदिन सात देखि आठ लाख मतदाताहरूको सुनुवाइ गर्न निर्देश दिएको छ।

**राज्यका मुख्य चुनाव अधिकारीको कार्यालयबाट जिल्ला निर्वाचन चुनाव अधिकारीहरूका साथै सुनुवाइमा सामेल अधिकारी र कर्मचारीहरूलाई निर्देश जारी गरिएको छ।यो चरण 7 फरवरी सम्म जारी रहने अपेक्षा गरिएको छ। निर्वाचन आयोग अनुसार, राज्यका कुल एक करोड 50 लाख मतदाताहरूलाई सुनुवाइको लागि बोलाइएको छ। यसमध्ये 90 लाख मानिसहरूको सुनुवाइ पहिले नै सम्पन्न भइसकेको छ।**

**पश्चिम बंगाल-उच्च न्यायालय**

कलकत्ता उच्च न्यायालयले पश्चिम बंगाल सरकारलाई निर्देश दिँदै भारत-बंगलादेश सीमा नजिकैका नौ जिल्लाहरूमा अधिग्रहण गरिएको जमीन 31 मार्च सम्ममा सीमा सुरक्षा बल (BSF) लाई सुम्पिन भनेको छ।मुख्य न्यायाधीश सुजय पल र न्यायमूर्ति पार्थ सारथी सेनको खंडपीठले भनेको छ केन्द्र द्वारा पहिले नै अधिग्रहण गरेको र वित्त पोषित गरेको भूमिलाई तुरुन्तै हस्तान्तरण गर्नु पर्नेछ। यो आदेश सेवानिवृत्त सेना अधिकारी डा. सुब्रत साहले दायर गरेको जनहित याचिका पछि आएको हो। उहाँले भूमि हस्तान्तरणमा राज्यको लापरवाहीले अवैध तस्करी र घुसपैठलाई प्रोत्साहन गरेको आरोप लगाउनु भएको थियो। राज्य सरकारले मार्चको समयसीमा भित्र 181 किलोमिटर भूमि हस्तान्तरण गरिने आश्वासन अदालतलाई दिईएको छ।

**कोलकाता अग्नीकाण्ड**

कोलकाताको दक्षिणी बाहिरी क्षेत्रमा आनन्दपुरमा स्थित दुई गोदाममा भएको भीषण आगलागीमा मृत्यु हुनेहरुको संख्या बढ़ेर 21 पुगेको छ। पुलिसले यो जानकारी दिईको हो। अझै पनि झण्डै 27 जना बेपत्ता छन् र खोजी कार्य जारी छ।यसैबीच, जलेको पुष्पाञ्जली डेकोरेटर्स गोदामका मालिक गंगाधर दासलाई पुलिसले लापरवाहीको आरोपमा पक्राउ गरेको छ। उनलाई हिजो अदालतमा पेश गरिएको थियो र पुलिस हिरासतमा पठाईएको छ।

**विशेष सूचना**

आउँदो एक फरवरी केन्द्रीय आम बज पेश हुने दिन आकाशवाणी समाचार खर्साङ्गको प्रादेशिक समाचार संधैको 06:50 बजी साँझको सट्टा अघि सारिएको छ। एक फरवरीको दिन प्रादेशिक समाचार साँझ 06 बजेर 10 मिनट देखि प्रसारित हुनेछ। यसैले स्रोताहरू एक फरवरीको दिन प्रादेशिक समाचार 06 बजेर 10 मिनट बाट शुरू हुनेछ र 06 बजेर 25 मिनटमा समाप्त हुनेछ।

**सुवास घिसिङ पुण्यतिथि**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका संस्थापक सुवास घिसिङको ११औँ पुण्यतिथिमा आज मिरिकमा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न भयो। कार्यक्रम घिसिङ समाधि संरक्षण समितिको आयोजनामा मिरिक मञ्जुस्थित सुवास घिसिङ स्मृति पार्कमा भएको थियो। यस अवसरमा गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) का अध्यक्ष मन घिसिङ, दार्जीलिङ विधानसभाका विधायक निरज जिम्बा, पूर्व राज्यसभा सांसद शान्ता छेत्री, पूर्व पार्षदहरू, गोरामुमो केन्द्रीय समिति सदस्यहरू, वरिष्ठ नेतृत्ववर्ग, विभिन्न संघ–संस्था, गैरराजनीतिक व्यक्तित्वहरू तथा गोरामुमोका कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

**कार्यक्रमपश्चात सुवास घिसिङ समाधि संरक्षण समितिका अध्यक्ष वाई लामाद्वारा जारी विज्ञप्तिमा स्व घिसिङलाई गोर्खा पिता, गोर्खा जातिको चेतना र अस्मिताका अमर योद्धा भनिएको छ। विज्ञप्तिमा सुवास घिसिङ केवल एक व्यक्ति मात्र नभई गोर्खा जातिको आत्मसम्मान, अस्तित्व र पहिचानको प्रतीक रहेको उल्लेख गरिएको छ। लामाले, जब गोर्खा समाज आफ्नो पहिचान खोज्दै अन्योलमा थियो, त्यतिबेला सुवास घिसिङ आशाको दीप बनेर उभिएको बिज्ञप्ति मार्फत बताउनु भयो।श्री वाई लामाले ११औँ पुण्यतिथिको अवसरमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा प्रत्यक्ष–अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण व्यक्तित्व, संघ–संस्था तथा उपस्थित सबैप्रति आयोजन समितिको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्नुभयो।**

**सांसद बिष्ट**

दार्जीलिङका लोकसभा सांसद राजु बिष्टले आज एक प्रेस बिज्ञप्ति जारी गर्दै आवास तथा शहरी विकास मन्त्री मनोहर लाल खट्टरलाई पत्रचार गरेको जानकारी दिनुभएको छ। पत्रमा सांसदले दार्जीलिङ नगरपालिका क्षेत्रको निम्ति नियोजित AMRUT 2.0 को डिपिआरमा ढिलाई अनि योजना कार्यन्वयनमा ढिलाइ भएको सन्दर्भलाई रेखांकीत गर्नुभयो। उहाँले केन्द्र सरकारले दुइ सय चार दशमलव चौरासी करोड रुपियाँ AMRUT 1.0 अन्तर्गत बिनियोजन गरेपनि दार्जीलिङ नगरबासी पानीको समस्यासित जुझ्न परिरहेमा दुख व्यक्त गर्नु भयो। जसको फलस्वरूप सांसदको आग्रहमा केन्द्र सरकारले AMRUT 2.0 अन्तर्गत अतिरिक्त दुइ सय अन्ठानब्बे दशमलव छाट्ठी करोड रुपियाँ गत बर्षको अप्रेल महिनामा आवण्टन गरेको बिज्ञप्तिमा उल्लेख छ। सांसद बिष्टले

केन्द्रले राशी आवण्टन गरिसक्दा पनि राज्य सरकारले डिपिआरमा ढिलाई अनि योजना सम्बन्धित कुनै कार्य नभएको दुख व्यक्त गरे। यस योजना अन्तर्गत केन्द्रले आवण्टन गरेको राशी राज्यले दुरुपयोग गरेको शंका श्री बिष्टले गर्नुभयो। पत्रमा यस योजनासित सम्बन्धित डिपिआर सहित अन्य कार्य चाडो हुनु पर्ने पत्रमा उल्लेख गरिएको छ।

**जिटिए कर्मचारी**

जीटीए कर्मचारी सगठन दार्जिलिङ पुलबजार खण्डद्वारा विभिन्न मागहरु गर्दै आज बिजनबारी बजार लगायत वरिपरिको क्षेत्रहरुमा व्यापक पोस्टरिङ गरेको छ। सगठनका अनुसार पोस्टरिङमा मुख्य रूपमा डाइङ हार्नेस मार्फत सेवा अवधि मृत्यु भएका कर्मचारीका सन्तानहरुले नोकरी पाउनुपर्ने, अन्य कर्मचारीहरु सरह सेवानिबृत बनेपछि सरकारी सुविधाहरु पाउनुपर्ने, कर्मचारीहरु पेन्सन उमेरलाई साठीबाट बढाएर पैसठी गर्नुपर्ने लगायतका मागहरू सामेल छन।

**करूणा राई**

कालेबुङकी बक्सिङ खेलाडी करुणा राई राष्ट्रिय स्तरको स्कूल जेम्समा राज्यको पक्षमा सहभागी बन्ने भएकी छन। यस अवसरमा कालेबुङ डिष्ट्रिक्ट बोक्सिङ एसोसिएसनका पदाधिकारीद्वारा उनलाई खाँदा लगाएर शुभ कामना व्यक्त गरियो। आगामी ४ फरवरी २०२६ देखि बेंगलोरमा आयोजना भइरहेको प्रतियोगितामा अण्डर १७ वर्गमा उनले सहभागी बन्ने छन्। एसोसिएसनका प्रमुख सल्लाहकार सेन्दुप लामाले कालेबुङ जिल्लाले हालसम्म ३ पटक सहभागिता जनाइ सकेको बताउनु भयो। यसका साथै यस पटक यहाँका खेलाडीले राम्रो प्रदर्शन गर्ने कुरामा आशावादी रहेको सचिव मिलन सुब्बाले जनाएका छन्।

**मौसम**

मौसम बिभागले आज अनि भोलि उत्तर बंगालको दार्जिलिंग, जलपाईगुड़ी, अलीपुरद्वार, कूचबिहार अनि उत्तर दिनाजपुर जिल्लाहरुमा बाक्लो कुहिरोको  येलो अलर्ट जारी गरेको छ। बाकी जिल्लाहरुमा पनि हल्का देखि मध्यम कुहिरोको संभावना जताइएको छ। कुहिरोको असर दक्षिण बंगालमा पनि देखिने छ ।अलीपुर मौसम विभागले बताए दार्जिलिंगमा हिउ पर्ने वा हल्का वर्षाको संभावना छ। कालिम्पोंग, जलपाईगुड़ी अनि अलीपुरद्वारमा हल्का वर्षा हुन सक्नेछ।

**अप्पर तक्लिङ बस्तीमा धार्मिक अनुष्ठान**

कालेबुंगको अप्पर तक्लिङ बस्तीमा अवस्थित डुब खाङ छयोइ खिरलिङ गोन्पामा आगामी चार फरवरी देखि तीन दिने धार्मिकअनुष्ठान भईरहेको छ। उक्त आशयको जानकारी गुम्बाका प्रमुख लामा पाल्देन सांग्येले दिएका छन् ।

****** ० ******